नेपालको पहिलो बैंक

नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था

नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED

स्थापित वि.सं. १९९४

**प्रधान कार्यालय**

**सामान्य सेवा विभाग**

**घर भाडामा लिने सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना ।**
(प्रथम पटक प्रकाशित मिति २०७६/०९/१६)

यस बैंकको शाखा कार्यालय संचालनको लागि देहाय अनुसार स्थानहरुमा व्यापारिक क्षेत्रको मुख्य सडकमा अवस्थित घरको भुई तल्ला/पहिलो/दोश्रो तल्लाको करीब १६०० देखि २५०० वर्गफिट सम्म क्षेत्रफल भएको घर आवश्यकता भएकोले घर बहालमा दिन ईच्छुक व्यक्ति, फर्म तथा कम्पनीले तोकिए बमोजिमको ढाँचामा यो सूचना प्रकाशित भएको मितिले सात दिन भित्र सिलबन्दी प्रस्ताव पेश गर्नहुन अनुरोध गरिन्छ ।

तपशिल

| क.सं. | प्रस्तावित शाखा कार्यालय | ठेगाना | प्रस्तावित क्षेत्र | फारम बुझाउने स्थान |
|---|---|---|---|---|
| १. | धनकुटा शाखा (१४८) | धनकुटा नगरपालिका वडा नं.-७, धनकुटा बजार, धनकुटा । | पूर्व र उत्तरमा हुलाक टोल मुल सडक र मदनचोक हुँदै परिचय चोक सम्म, पश्चिममा धनकुटा बसपार्क सम्म, दक्षिणमा गैह्रीगाँउ जाने सडक चोक सम्मका दाँया बाँयाका योग्य घरहरु । | नै.बैं.लि. पाख्रीबास शाखा, धनकुटा । |
| २. | अत्तरिया शाखा (२९५) | गोदावरी नगरपालिका वडा नं.-२, अत्तरिया बजार, कैलाली | पूर्वमा अत्तरिया चोक सम्म, पश्चिममा अत्तरिया चोक बाट कैलाश विकास बैंक बसेको घर सम्म, उत्तरमा अत्तरिया चोक बाट राष्ट्रिय वाणिज्य बैंक बसेको घर सम्म, दक्षिणमा अत्तरिया चोक बाट मेघा बैंक बसेको घर सम्मको क्षेत्र भित्र । | नै.बैं.लि. धनगढी शाखा, धनगढी, कैलाली । |
| ३. | जुम्ला शाखा (२९०) | चन्दननाथ नगरपालिका वडा नं.-५ खलंगा बजार,, जुम्ला । | पूर्वमा कालेखोली चोक, प्रहरी बिट पश्चिममा कृष्ण मन्दिर, उत्तरमा २४ नंम्बर बाहिनी अड्डा(आर्मी ब्यारेक), दक्षिणमा राजा सिं खेलकुद मैदान भित्र । | नै.बैं.लि. कर्णाली प्रादेशिक कार्यालय, प्रदेश नं ६, सुर्खेत । |

**आवश्यक शर्त /सुविधाहरु :**

१। प्रस्तावित घर RCC Frame Structure को हुनुपर्नेछ ।
२। पानी, बत्ती, बाटोको व्यवस्था भएको हुनुपर्नेछ ।
३। भवनको भुई तल्लामा ATM र जेनेरेटर राख्ने स्थान उपलब्ध भएको हुनुपर्नेछ ।
४। सम्बन्धित निकायबाट घरको नक्सा पास भएको तथा निर्माण सम्पन्न प्रमाणपत्र लिएको हुनुपर्नेछ ।
५। सडक निमार्णको मापदण्ड भित्र नपर्ने भएको हुनुपर्नेछ ।
६। प्रस्तावित घरको सम्वन्धमा कुनै प्रकारको झै झगडा तथा मुद्दा मामिला नभएको हुनुपर्नेछ ।
७। घर भाडामा दिने न्यूनतम समायावधि १० वर्ष र त्यसपछि नविकरण गर्न सकिनेछ ।
८। फर्म तथा कम्पनीको नाममा रहेको घर भाडामा दिने भएमा फर्म दर्ता प्रमाण पत्र, PAN तथा संचालक समितिको निर्णय पेश गर्नुपर्नेछ ।
९। पार्किङ्ग सुविधा सहितको प्रस्तावित घरलाई विशेष ग्राहयता दिईनेछ ।

**दरखास्तकासाथ संलग्न हुनुपर्ने कागजातहरु :**

१। प्रस्तावित मासिक घर भाडा रकम (कर समेत) स्पष्ट रुपमा खुलाइएको घरधनीको प्रस्ताव ।
२। घर जग्गाको ब्लु प्रिन्ट तथा ट्रेस नक्सा ।
३। घर भएको क्षेत्र स्पष्ट देखिने लोकेशन म्याप नक्सा ।
४। घरको नाप सहितको नक्सा तथा नक्सा बमोजिमको घर हुनुपर्नेछ ।
५। भवन आचार संहिता सहितको Strucutral Drawing ।
६। घरको फोटो र घरको स्वीकृत नक्सा पासको प्रमाणपत्रको प्रतिलिपी ।
७। लालपूर्जा तथा घर धनीको नागरिकताको प्रतिलिपी ।

**नोट :**

१। शिलबन्दी प्रस्ताव ढाँचा (निवेदन फाराम) यस बैंकको सामान्य सेवा विभाग वा बैंकको वेबसाईट www.nepalbank.com.np/notice बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ ।
२। उपरोक्त सम्बन्धमा थप जानकारी आवश्यक भएमा यस बैंकको प्रधान कार्यालयको सामान्य सेवा विभागको टेलिफोन ०१४२२९६९२ (एक्सटेन्सन नं. ११४, २३०) सम्पर्क गर्न सकिनेछ ।
३। प्राप्त भएको प्रस्तावहरुमा अंशिक वा पूर्ण रुपमा स्वीकृत वा अस्वीकृत गर्ने अधिकार यस बैंकमा निहित रहनेछ । साथै स्वीकृत कुनै पनि प्रस्तावमा कारण दिन बैक बाध्य हुने छैन ।